जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३०३ २०८२ साल असार २७ गते शुक्रबार (11 July 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : '...त्यसपछि ढुक्कले सुत्न... ३ पृष्ठमा : वीरगञ्ज महानगरमा ... ३ पृष्ठमा : ब्रक्स शिखर सम्मेलनमा ...

## शम्भुनाथ नगरपालिकाको कामकाज ठप्प

# कर्मचारीलाई दुर्व्यवहार गर्ने उपर कारबाही गर्न प्रधानमन्त्रीलाई पठाईयो ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

शम्भुनाथ नगरपालिकाका कर्मचारीहरुले निलम्बित नगरप्रमुख र कार्यवाहक नगरप्रमुखका सल्लाहकारलाई कारबाहीको माग गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र पठाएका छन् ।

निलम्बित नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ता र कार्यवाहक नगर प्रमुख अनिता कुमारी चौधरीको सल्लाहकार अनिल कुमार भगतले दुर्व्यवहार गरेको भन्दै उनीहरुलाई कारबाही गर्न माग सहित बिहीबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको हो ।

शम्भुनाथ नगरपालिका कर्मचारी हकहित समितिका अध्यक्ष एवं योजना शाख प्रमुख देवनाराण साहले प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई पाँच बुदे ज्ञापनपत्र बुझाउँदै नगरपालिकामा संचालित योजनाहरुको भुक्तानी प्रयोजनको लागि खटि रहेका कर्मचारीहरुलाई बिना कारण दुर्व्यवहार गालि गलौज, हातपात गरी ज्यान मार्ने सम्मको धम्की दिई सरकारी कागज समेत च्यातेकोले दोषी उपर कारवाहीको माग गरे ।

भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतबाट दोषी ठहर भएका निलम्बित नगरप्रमुख गुप्ता र सल्लाहकार भगत, मो. रहमत र निर्माण व्यवसायी विजय साहले बुधबार राती कार्यालयमा काम गरिरहेका कर्मचारीहरुलाई व्यक्तिगत लाभ लिन धाकधम्की डरत्रास देखाई दुर्व्यवहार, गालिग्लौज, हातपात गरी ज्यान मार्ने सम्मको धम्की दिएको ज्ञापनपत्रमा उल्लेख छ ।

असार २५ गते राती ८ बजेको समयमा इन्जिनियर सुनिल कुमार यादव, सब इन्जिनियर

*बाँकी तीन पृष्ठमा*

# आगलागीबाट तीन घर जलेर नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

सप्तरीको राजविराज नगरपालिका वडा नम्बर ९ स्थित मलेठ टोलमा बिहीबार आगलागी भएको छ ।

आगलागीबाट स्थानिय पुलकित खंगको एक तल्ले तीनवटा घर जलेर नष्ट हुँदा दुईलाख ५० हजार बराबरको क्षति भएको हो ।

आगलागीबाट तीनवटा घर सहित अन्नपात, लत्ताकपडा, भाँडावर्तन र नगद सहित जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घरको भान्सा कोठामा खाना पकाउने क्रममा चुलोबाट आगो सल्किएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

आगलागीबाट घर र घर भित्र रहेको भाडा वर्तन, कपडा लाता, अन्नपात, नगद ४० हजार रुपैयाँ, र काठ समेत गरी दुई लाख पचास हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरी उपरीक्षक बस्नेतले बताए ।

विहान १० बजे भएको आगलागी प्रहरी उपरीक्षक गौतमकुमार केसीको नेतृत्वमा खटिएको नेपाल प्रहरीको टोली, स्थानियबासी र दमकलको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सुरुङ्गाको बजेट खर्च विवरण सार्वजनिक

# यस आर्थिक बर्षमा ७८ प्रतिशत बजेट खर्च

**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

सप्तरीको सुरुङ्गा नगरपालिकाले यस आर्थिक बर्षमा खर्च गरेको बजेट विवरण सार्वजनिक गरेको छ ।

नगरपालिकाले चालु आर्थिक बर्ष ७८ दशमलव ४७ प्रतिशत बजेट खर्च भएको विवरण

*बाँकी तीन पृष्ठमा*




IMPACT Nepal

## आवश्यकता

बिगत ३० बर्ष देखि अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालले राजविराज स्थित आफ्नै नयाँ भवनवाट सेवा सुचारु गर्न गइरहेको हुँदा तपसिल बमोजिमका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ असार ३० गते सम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| असिस्टेन्ट फार्मसिस्ट | १ | फार्मेसी बिषय लिई डिप्लोमा |
| कान उपचार कार्यकर्ता | १ | हेल्थ असिस्टेन्ट |

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१- ५९०००५) वा इम्प्याक्ट नेपालकको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं, पोस्ट बक्स न. १०९०६ तथा इमेल : vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउनु सकिनेछ |

२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

४. रितपूर्वक आवेदन दिएका उमेदवारहरुलाई अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको जानकारी दिइनेछ ।

५. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

भर्ना खुल्यो

गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध

युनिभर्सल कलेज

RAJBIRAJ UNIVERSAL ACADEMY

राजविराज,८, पुलचोक, सप्तरी

+2

विज्ञान

व्यवस्थापन

शिक्षाशास्त्र

मानविकी

For More Information Contact :

Contact : 031-590366, 9842820071, 9805928831

फारम वितरण :-२०८२ असार १५ गतेदेखि
प्रवेश परीक्षा :-२०८२ असार २८ गते, बिहान ११:०० बजेदेखि
कक्षा सञ्चालन :-२०८२ श्रावण १ गते, बिहान ६:१५ बजेदेखि

# मिथिलामा गुरु पूर्णिमा पर्व मनाइँयो

महोत्तरी, २६ असार (रासस) ।

धार्मिक एवं पारम्परिक अनेकौँ चाडपर्वको संस्कृति बोकेको मधेशको प्राचीन मिथिला क्षेत्रमा बिहीवार गुरुपूर्णिमा पर्व मनाइयो । चन्द्रमासको असार पूर्णिमाका दिन मनाइने यो पर्वमा गुरुप्रति भक्तिभाव र कृतज्ञता व्यक्त गरिन्छ । हिन्दू परम्पराका अनुयायी मैथिल (मिथिलाका बासिन्दा) बिहीवार गुरु पूर्णिमा पर्व मनाएका छन ।

यस दिन शिक्षा दिनेदेखि गायत्री तथा वेद सुनाउने र विशेष दीक्षा दिने गुरुजनप्रति सम्मान भाव प्रकट गरी गुरु पूर्णिमा पर्व मनाउने हिन्दू मैथिल परम्परा छ । मिथिला अर्थात् विदेहभूमि महाज्ञानी अष्टावक्र, याज्ञवल्क्य, राजर्षि जनक तथा गार्गी एवं मैत्रेयीजस्ता विद्वान/विदुषीको साधना, तप र ज्ञान आर्जन र प्रचारको थलोका रूपमा परिचित छ ।

यो पर्व परम्पराको निरन्तरता मात्र नभएर पारिवारिक र सामाजिक अनुशासनको स्मरण गराउने अवसर पनि भएको मिथिला लोकपरम्परा र संस्कृतिका जानकार बताउँछन् । प्राचीन गुरुकुल परम्पराको शिक्षाले परिवार, समाज, राष्ट्र र चराचरजगत्प्रतिको दायित्व र कर्तव्यबारे ज्ञान दिएर परिपक्व नागरिक बनाउने गरेका सन्दर्भ प्राचीन साहित्य र इतिहासमा वर्णन पाइने मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्र दास वैष्णव बताउनुहुन्छ । गुरुबाट प्राप्त शिक्षाले ज्ञानवान् भएका शिष्यले कृतज्ञता तथा अहोभाव व्यक्त गर्ने अवसरका रूपमा यो पर्वलाई लिने गरिएको वैष्णवको भनाइ छ ।

यस दिन गुरुप्रति कृतज्ञता व्यक्त गर्दै नयाँ वस्त्र आभूषण फेराउने र मिष्टान्न भोजन गराउने मैथिल परम्परा छ । पर्वविशेषले मिथिला क्षेत्रमा एक दिन पहिलेदेखि नै चहलपहल बढाएको छ । नयाँ वस्त्र, मिष्टान्न परिकार र फलफूल सौगातका रूपमा गुरुलाई चढाउने चलन छ ।

पर्वका अवसरमा मिथिला क्षेत्रका मठमन्दिरमा विशेष समारोह आयोजना गरिन्छ । यस्ता समारोहमा प्रवचन र गुरुपूजासहितका कार्यक्रम सम्पन्न गरिन्छन् । महोत्तरीको मटिहानीस्थित पुरानो संस्कृत पाठशाला, भगवान् लक्ष्मीनारायण मन्दिर, महामुनि याज्ञवल्क्यका नाउँमा सञ्चालित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) र मुलुककै मठहरूमा महत्त्वपूर्ण मानिने श्री लक्ष्मीनारायण मठमा छात्रछात्रा, शिष्य र साधुसन्तले गुरुपूजनका कार्यक्रम गरेका छन् ।

ज्ञानरुपी प्रकाशले अज्ञानरुपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरु भनिने पूर्वीय परम्परामा यस पर्वको महत्त्व निकै रहेको महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका प्रधानाचार्य (प्रधानाध्यापक) ईश्वरी पौडेल बताउनुहुन्छ ।

यस पर्वले श्रेष्ठजनको सम्मान गर्ने शिष्टता र नैतिक आचरण एवं कृतज्ञताभाव बढाउने हुँदा पर्वले सामाजिक, सांस्कृतिक र पारम्परिक दायित्व र यसको महत्व अझ मुखरित गर्ने जलेश्वर-४ सुगाभवानीपट्टिका बासिन्दा पूर्वप्रशासक कृष्णचन्द्र झाको भनाइ छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# '...त्यसपछि ढुक्कले सुत्न पाइयो'

*सुदिप राउत*

सिरहा, २६ असार (रासस) ।

आजभन्दा करिब १५ वर्षअगाडि अर्थात् विसं २०६७ असार महिना हुँदो हो । एक दिन मध्यरात, लहान(१३ स्थित पक्की टोल गहिरो निद्रामा थियो । त्यसैबखत गाउँमा अचानक डाँकाहरूको समूह गाउँमा पस्यो । ढोका फोड्दै, मान्छे कुट्दै र धनमाल लुट्दै ताण्डव मच्चायो । त्यसको एक साक्षी हुनुहुन्छ अस्मिन राउत ।

"त्यो घटना वास्तवमै कहालिलाग्दो थियो । हुन त त्यस्ता कैयौँ त्रासदीपूर्ण रातहरू भोग्नुपऱ्यो हाम्रो बस्तीले, ती घटना सम्झिदाँ पनि नरमाइलो लाग्छ", उहाँले भन्नुभयो ।

डकैतीका शृङ्खलाबद्ध घटना, गाउँमा भय । प्रहरीलाई खबर गरे पनि समयमै नपुग्ने । लहान बजारबाट यहाँ प्रहरी आउँदासम्म डाँकाहरू कुलेलम ठोकिसकेका हुन्थे । २०६७ सालको असार महिनामको त्यो डकैतीको घटनाले गाउँमा नयाँ मोड लियो । उक्त घटनापछि युवाहरू जागे, गाउँको सुरक्षाका लागि आवाज उठाउन थाले । "हो, त्यो घटना डरदाग्दो थियो, तर त्यही दिनबाट हाम्रो आँखा खुल्यो । त्यसपछि तत्कालीन गृहमन्त्री भीम रावलसमक्ष गाउँको दयनीय अवस्था प्रस्तुत गऱ्यौँ । स्थानीयको आग्रह र दबाबपछि तत्कालै पक्की टोलमा अस्थायी प्रहरी चौकी स्थापना गरियो", राउतले भन्नुभयो,"प्रहरी चौकी स्थापना भएसँगै गाउँको अवस्था फेरियो । त्यसयता हामीले कुनै डकैतीको त्रास व्यहोर्नु परेको छैन । रातमा गहिरो निद्रा सुत्न पाएका छौँ ।"

त्यही घटनापछि लहानको ग्रामीण भेगमा पर्ने वडा नं १३, १४ र २४ लाई पायक पर्नेगरी पक्की टोलमा अस्थायी प्रहरी चौकी बनेको थियो । त्यसले गाउँमा साँच्चै शान्ति फर्कियो । रात परेपछि ढोका थुनेर बस्नुपर्ने बाध्यता हट्यो । बालबालिका ढुक्कसँग बाहिर खेल्न थाले । महिलाहरू बिहान(साँझ खेतबारी जान थाले । गाउँलेमा पुनः आत्मविश्वास आयो ।

डकैतको त्रास मेटिएपछि गाउँमा शान्ति त फर्कियो । समयसँगै समुदाय र प्रहरीबीचको सम्बन्ध पनि गहिरिँदै गयो, तर जीर्ण भवनबाट प्रहरीका लागि सेवा प्रवाह सहज थिएन । बर्सातमा पानी चुहिने, हिउँदमा धुलोले भरिने समस्या थियो । त्यसपछि गाउँलेहरूले नयाँ प्रहरी भवनको आवश्यकता महसुस गरी स्वतःस्फुर्त रूपमा नयाँ भवन निर्माणको अभियान सुरु गरे । त्यसका लागि चन्दा सङ्कलन अभियान सञ्चालन थाले । त्यो अभियान प्रभावकारी बन्दै गयो ।

गाउँलेहरूले सकेको आर्थिक तथा भौतिक सहयोग गरे । विदेशमा रहेका गाउँका व्यक्तिहरूले पनि दिल खोलेर सहयोग गरे । सामूहिक प्रयासकै परिणामस्वरूप निर्माण भयो(पाँचकोठे पक्की प्रहरी भवन । त्यही भवनको बुधबार एक विशेष कार्यक्रमबीच लहान नगरप्रमुख महेशप्रसाद चौधरी र मधेश प्रदेशका प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले संयुक्त रूपमा उद्घाटन गर्नुभयो ।

सुविधासम्पन्न प्रहरी चौकीको भवन बनेसँगै पक्की टोलवासीको खुसीको सीमा छैन । शान्तिसुरक्षा र अमनचयनको अनुभूति उनीहरूको हरेक अभिव्यक्तिमा झल्किन्छ । गाउँको परिवर्तनको कथा सुनाउँदै ७४ वर्षीया लक्ष्मीदेवी अधिकारी भन्नुहुन्छ, "पहिले गाउँमा प्रहरी नहुँदा घुर बालेर रातभर डाँका कतिबेला पो आउँलान् भनेर रोडमै जाग्राम बस्नुपर्थ्यो । त्यो दुःख सम्झेर उदेक लाग्छ । अहिले त ढुक्कले बस्न पाइएको छ ।"

उहाँले सुनाएअनुसार एक समय त यस्तो आयो, डाँकाहरू गाडीमै आएर गाउँ लुट्थे । प्रहरी आउँदासम्म सबै भागिसकेका हुन्थे । "धनमाल दिएन भने कुट्थे, कतै त मार्नेसम्म पनि गर्थे । दसैँजस्ता चाडबाडमा छोरा(नातिहरू घर आउँदा पनि डाँकाको डरले दुई दिन नबसी सहर फर्किन्थे । हामी बूढाबूढी मात्रै गाउँमा, युवाहरू बाहिर" अधिकारी विगत सम्झिँदै भन्नुहुन्छ, "प्रहरी त हाम्रो लागि भगवान्जस्तै भएर आएका हुन् बाबु । यही भएर गाउँलेहरू जीउधन लगाएर यो भवन बनाउन जुटे । अब चौकीमा दुई जना महिला प्रहरी पनि भए सहज हुन्थ्यो ।"

लक्ष्मीदेवी अधिकारीको भनाइ केवल विगतको पीडा होइन, यो सुरक्षा प्राप्तिको खुसी र सामुदायिक सफलताको आत्मगौरव पनि हो । गाउँमा सुरक्षाको सुनिश्चिततासँगै समुदाय(प्रहरी सम्बन्ध अझ मजबुत भएको छ । यही सन्दर्भमा स्थानीयले भन्दै थिए, "वास्तवमै प्रहरी मेरो साथी भन्ने नारा प्रचारका लागि मात्रै रहेन, यो त व्यवहारमै लागू भएको छ ।"

यहाँ सुरक्षाको व्यवस्थापछि धेरै कुरा बदलिदिएको छ । कुनै समय प्रहरीसँग पनि डराउने यहाँको समाज अचेल प्रहरीलाई साथी, अभिभावक र सहारा मान्छन् । दुःख होस् या सुख, हरेक क्षणमा प्रहरी स्थानीयले सबैभन्दा पहिले सम्झिने आधार भनेको छ ।

भवन निर्माण समितिका अध्यक्षसमेत रहनुभएका समाजसेवी राउतका अनुसार स्थानीय जनताबाटै करिब रु २५ लाख सङ्कलन भएको थियो । गाउँलेहरूले सकेको आर्थिक, श्रम र भौतिक सहयोग गरेका थिए । उहाँले भन्नुभयो, "भवन निर्माणमा लहान नगरपालिका र मधेश प्रदेश सरकारको पनि केही आर्थिक सहयोग रह्यो । यही संयुक्त प्रयासले सुविधासम्पन्न पक्की भवन निर्माण सम्भव भएको हो । त्यसैले यो भवन केवल इँटा र गारो मात्रै होइन, समाजको एकता, इच्छाशक्ति र प्रहरीप्रति विश्वासको जीवित प्रतीक पनि हो ।"

भवन उद्घाटन समारोहका प्रमुख अतिथि लहान नगरप्रमुख चौधरीले स्थानीयवासीको एकता, सहयोग र प्रतिबद्धता प्रशंसनीय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "समाजका अगुवाहरूले जग्गादान र चन्दा सङ्कलन गरेर यो भवन निर्माण गर्नुभएको छ, जुन यस क्षेत्रका लागि वरदान साबित भएको छ । यहाँका जनताले प्रहरीप्रति विश्वास राखेकाले शान्तिसुरक्षाको प्रत्याभूति गर्ने आधार पनि बनेको छ ।"

प्रहरी नायब महानिरीक्षक चतुर्वेदीले समुदाय र सुरक्षाकर्मीबीचको सहकार्य अपराध न्यूनीकरणका लागि निर्णायक आधार भएको बताउनुहुन्छ । प्रहरी सङ्गठन समुदायमैत्री सेवामा प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले समुदायसँगको सम्बन्धलाई केवल सुरक्षाको सवाल मात्र नभई विश्वास, सहभागिता र उत्तरदायित्वको सम्बन्धका रूपमा आफूले हेरेको बताउनुभयो । "समुदायको सहयोगबिना कुनै पनि सुरक्षा प्रणाली पूर्ण हुँदैन, यो त समुदाय र प्रहरीको साझदारी तथा विश्वासमा अडेको हुन्छ । यहाँको उदाहरणले जब समुदाय सक्रिय हुन्छ, तब अपराध पन्छिन्छ र शान्ति दिगो कायम हुन्छ भनेर जबर्जस्त सन्देश दिएको छ ।"

कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले प्रहरीलाई नागरिक र सरकारबीचको महत्त्वपूर्ण कडीका रूपमा चित्रण गर्दै भन्नुभयो, "शान्ति सुव्यवस्थाका लागि प्रहरी सबैभन्दा नजिकको सरकारी संयन्त्र हो । यस भवन निर्माणले नागरिक र सुरक्षाकर्मीबीच सुमधुर सम्बन्धलाई थप मजबुत बनाउने छ ।"

जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक अनन्तराम शर्माले समुदायसँगको सहकार्य शान्तिसुरक्षाको स्थायित्व र जनविश्वासको बलियो आधार भएको धारणा राख्नुभयो ।

# हामी सबैको अन्तरतमसम्म उज्यालो फैलियोस्: प्रधानमन्त्री

काठमाडौँ, २६ असार (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गुरु पूर्णिमाको शुभकामना व्यक्त गर्दै सबैको अन्तरतमसम्म उज्यालो फैलियोस् भन्ने कामना गर्नुभएको छ । सामाजिक सञ्जालबाट शुभकामना व्यक्त गर्दै उहाँले हामीलाई अरुमाथि प्रश्न गर्ने होइन, आफ्नो आन्तरिक सत्यमा प्रकाश दिने साक्षात् 'दीप' चाहिएको र त्यस्तो दीप विवेक भएको बताउनुभएको छ ।

गुरु पूर्णिमालाई महर्षि व्यास जयन्तीका रूपमा पनि लिइने गरेको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभएको छ, "हाम्रो प्राचीन पूर्वीय सभ्यताले आफ्नो अन्तरतम अस्तित्व चिन्न दृष्टि दिने व्यक्तिलाई गुरु भन्छ र संसारको बारेमा सिकाउनेलाई शिक्षक भन्छ ।"

फेसबुकमा प्रधानमन्त्रीले लेख्नुभएको छ,"गुरु अन्धकारबाट प्रकाशमा पुऱ्याउने र आफ्नो नैसर्गिक स्वभाव चिनाउने पूज्य पात्र हुन् । गुरु पूर्णिमाको पवित्र दिन हामी सबैको अन्तरतमसम्म उज्यालो फैलियोस् । सबैलाई शुभकामना"


विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

" विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

# वीरगञ्ज महानगरमा सार्वजनिक शौचालय नहुँदा समस्या

वीरगञ्ज (पर्सा), २६ असार (रासस)।

वीरगञ्ज महानगरभित्र पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा सडक व्यापारी तथा सडकमा हिँड्ने बटुवाहरूलाई समस्या हुँदै आएको छ।

महानगरभित्र करिब आधा दर्जन स्थानमा मात्रै सार्वजनिक शौचालय छन्। भएका सीमित शौचालयको पनि शुल्क अधिकतम हुँदा सर्वसाधारणलाई समस्या हुँदै आएको हो। अधिकांशले सार्वजनिक शौचालयभन्दा पनि खुला स्थानमा शौच गर्दै आएका छन्।

वीरगञ्जको घण्टा घरचोकसँगै सार्वजनिक शौचालय छ। पैसा नभएको बाहाना गरेर अधिकांश पुरुषहरू भने खुला रूपमा जथाभावी शौच गर्ने प्रवृत्ति देखिएको छ। घण्टाघरको सार्वजनिक शौचालयमा पिसाब फेरेको रु १०, दिसा गरेको रु १५ र नुहाउनेका लागि रु ४० तोकिए पनि सर्वसाधारण पैसाको अभाव देखाउँदै प्रयोग गर्दैनन्।

वीरगञ्जको बिपी उद्यानस्थित खुला हाट व्यापारमा व्यापार गर्ने र सरसमान खरिद गर्न आउने पुरुष ग्राहकहरू खुला शौच गर्दै आइरहेका प्रकृति सेवा प्रतिष्ठान नेपालका अध्यक्ष जसपाल सिंहले बताउनुभयो।

मिनाबजारमा अवस्थित नेपाल टेलिकमको महसुल काउन्टरको पर्खालमा पनि खुला शौच गर्नेको घुइँचो देखिन्छ। अहिलेसम्म पनि महानगर प्रहरीले सडक छेउछाउमा शौच गर्नेलाई सचेतना जगाउने तथा बानी सुधार्ने प्रयास गरेको छैन।

प्रतिष्ठानका अध्यक्ष सिंहले वीरगञ्ज महानगरमा पर्याप्त मात्रामा सार्वजनिक तथा घुम्ती शौचालय नहुँदा सडक छेउछाउमा खुला रूपमा पिसाब फेर्ने प्रवृत्ति अझैसम्म नरोकिएको गुनासो गर्नुभयो। "यहाँ जहाँपायो त्यही थुक्ने र पिसाब फेर्ने बानी अधिकांशमा छ", उहाँले भन्नुभयो, "यस्ता गतिविधिले वीरगञ्जलाई फोहर र दुर्गन्धित बनाउँदै आइरहेको छ।" अध्यक्ष सिंहले वीरगञ्ज महानगरमा पटकपटक सुलभ र घुम्ती शौचालय व्यवस्थापनको लागि माग राख्दै आए पनि अहिलेसम्म सुनुवाइ नभएको गुनासो गर्नुभयो।

प्रतिष्ठानले वीरगञ्ज महानगर प्रमुखमा राजेशमान सिंह निर्वाचित भएर आएपछि पनि विसं २०७९ जेठ १५ वीरगञ्जका सार्वजनिक सरोकारका २३ बुँदे सुझावसहित सुलभ र घुम्ती शौचालय आवश्यकता भएको भन्दै ध्यानाकर्षण गराएको थियो।

"महानगरमा सार्वजनिक शौचालय पर्याप्त नहुँदा खुलमखुला शौच गरिरहेको दृश्य देख्नुपर्दा लाजैमर्दो हुन्छ", उहाँले भन्नुभयो, "यहाँ सुलभ शौचालय, घुम्ती शौचालय ( पिसाब फेर्नका लागि) तुरुन्त व्यवस्थापन तथा त्यसको दैनिक यथोचित सरसफाई गर्न आवश्यक भइसकेको छ।"

ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले विगत केही वर्षअघि वीरगञ्जलाई खुला दिशामुक्त महानगर घोषणा गरेपनि कार्यान्वयन फितलो रहेको गुनासो गर्नुभयो। "पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा पनि खुला ठाउँमा शौच गरिरहेको दृश्य देखिन्छ", उहाँले भन्नुभयो, "सार्वजनिक शौचालय बनाएर सो प्रवृत्तिको अन्त्य गर्न जरुरी छ।"

महानगरका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सर्फुदिन मियाँले महानगरमा करिब आधा दर्जन बढी स्थानमा सार्वजनिक शौचालय रहेको जानकारी दिनुभयो। उहाँका अनुसार घण्टाघर, पुरानो बसपार्क, नयाँ बसपार्क, लक्ष्मणवाचोकलगायत स्थानमा शौचालय छन्। "यहाँको पावरहाउस चोकमा सार्वजनिक शौचालय निर्माण भइरहेको छ", उहाँले भन्नुभयो।

## सुरुङ्गाको...

सार्वजनिक गरेको हो।

आर्थिक बर्ष २०८१/०८२ को असार मसान्त सम्ममा विनियोजित बजेटको ७८ दश्मलब ४७ प्रतिशत खर्च भएको सुरुङ्गा नगरपालिकाले सार्वजनिक गरेको खर्च विवरणमा उल्लेख छ। सप्तरीको १८ वटा पालिका मध्ये एक आर्थिक बर्षमा भएको खर्च विवरण सार्वजनिक गर्ने सुरुङ्गा नै पहिलो नगरपालिका हो।

नगरपालिकाले चालु तर्फ ४७ करोड ७६ लाख चार हजार दुईसय ४६ रुपैयाँ बजेट विनियोजन गरिएकोमा ४० करोड ३३ लाख तीनसय ३८ रुपैयाँ गरी ८४ दश्मलव ४४ प्रतिशत बजेट खर्च गरेको छ।

यस्तै पुँजीगत तर्फ २६ करोड २३ लाख ४७ हजार तीनसय ५५ रुपैयाँ बजेट विनियोजन गरिएकोमा १७ करोड ७३ लाख ८३ हजार पाँचसय उन्नसाठी रुपैयाँ गरी ६७ दश्मलव ६१ प्रतिशत बजेट खर्च भएको हो।

"सुरुङ्गा नगरपालिकाले चालु आर्थिक बर्ष २०८१/०८२ को विनियोजित बजेटको खर्च गर्ने कार्य सम्पन्न भइसकेकोले खर्च विवरण सार्वजनिक गरिएको छ" नगरपालिकाले सार्वजनिक गरेको खर्च विवरणमा उल्लेख छ।

सुरुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोरखनाथ मिश्रले चालु आर्थिक बर्षमा चालु र पुँजीगत गरी कूल ७८ दश्मलव ४७ प्रतिशत बजेट खर्च भएको जानकारी दिए। उनले टेण्डर प्रक्रियामा गएका योजनाहरुको काम भइरहेका कारण भुक्तानी दिन बाँकी रहेकाले पुँजीगत तर्फ खर्च केही कम देखिएको बताए।

चालु आर्थिक बर्षमा नगरपालिकाले ल्याएको नीति कार्यक्रम अनुसार लक्ष्य प्राप्त भएको नगरप्रमुख गीता चौधरीले जानकारी दिए। उनले नगरपालिकाले यस आर्थिक बर्षका लागि ल्याएको नीति तथा कार्यक्रम अनुसार लक्ष्य प्राप्त गरेको बताए।

## शम्भुनाथ...

विनोद यादव, सब इन्जिनियर, मनोज कुमार चौधरी, सूचना प्रविधि अधिकृत तथा जिन्सी शाखा प्रमुख मो. तमन्ना, सवारी चालक हरी प्रसाद भगत समेत संग दुर्व्यवहार भएको ज्ञापनपत्रमा भनिएको छ।

कार्यवाहक नगरप्रमुख चौधरीको सल्लाहकार भगतले कार्यालयको सरकारी गोप्य कागजातहरु माँग गर्ने साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आएका गोप्य कागजातहरुको गोपनीयता भङ्ग गर्ने गरेको र कर्मचारीहरुलाई धाक धम्की गाली गलौज गरी मानसिक तनाब दिदै आएको आरोप समेत ज्ञापनपत्रमा लगाइएको छ।

कार्यालय यस्तो घटना हुँदापनि प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले साथ नदिएको अवस्थामा कार्यालयमा बसेर जनताको काम गर्ने बातावरण नरहेको हुँदा घटनामा संलग्न व्यक्तिहरुलाई कारबाही नभए सम्म आक्समिक सेवा बाहेका सबै काम ठप्प रहने योजना शाखा प्रमुख साहले जानकारी दिए।

उनले नगरपालिकामा रहेको सिसिटिभी फुटेज समेतलाई आधार मानेर कारबाही प्रक्रिया अगाडी नबढाए सम्म नगरपालिका ठप्प रहने बताए।

यता निलम्बित नगरप्रमुख गुप्ताले आफूमाथि लगाइएको आरोप झुठा रहेको बताउनु भएको छ। उनले पालिकामा रहेका सिसिटिभी फुटेज हेरर सबै कुरा स्पष्ट हुने भएकाले यस विषयमा थप केही बोल्नु आवश्यक नरहेको बताएका छन्।

यस विषयमा प्रमुख प्रशासकीय अधिकृत सुतिहार संग प्रतिक्रिया लिन खोज्दा उनले फोन उठाएन भने कार्यवाहक नगरप्रमुख चौधरीको मोवाईलको स्वीच अफ थियो।

असार २५ गते राती कर्मचारीहरु माथि भएको हातपात तथा गाली गलौजमा संलग्न दोषीहरुलाई कानूनी कारबाही, कार्यालयको वातावरणलाई खलबलाई कर्मचारीहरुलाई पटक पटक धाक धम्की तथा शाखा शाखामा पसी कर्मचारीहरु प्रती बारम्बार दुर्व्यवहार गर्ने भगतलाई कार्यालय प्रवेशमा निषेध लगायतका कर्मचारीहरुको माग छ। जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापनपत्र बुझाउन प्रमुख प्रशासकीय अधिकृत बाहेक सबै कर्मचारीहरुको उपस्थिति थियो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


## विश्व समाचार

### ब्रिक्स शिखर सम्मेलनमा सहभागी भई प्रधानमन्त्री मोदी स्वदेश फिर्ता

नयाँदिल्ली, २६ असार (रासस/एएनआई) : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जुलाई २ देखि ९ सम्मको आफ्नो पाँच राष्ट्रको भ्रमण समाप्त गर्दै बिहीबार बिहान नयाँदिल्ली फर्कनुभएको छ।

कूटनीतिक भ्रमणले घाना, ट्रिनिडाड एन्ड टोबागो, अर्जेन्टिना, ब्राजिल र नामिबियालाई समेटेको थियो र ब्राजिलको अध्यक्षतामा रियो दि जेनेरियोमा आयोजित १७औं ब्रिक्स शिखर सम्मेलनमा उहाँको सहभागिता समावेश थियो।

भ्रमणको पहिलो चरणमा प्रधानमन्त्री मोदी जुलाई २ मा घानाको राजधानी अक्रामा पुग्नुभएको थियो। यो ३० वर्षभन्दा बढी समयपछि कुनै भारतीय प्रधानमन्त्रीको पश्चिम अफ्रिकी राष्ट्रको पहिलो भ्रमण हो।

आफ्नो भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले घानाका राष्ट्रपति जोन महामासँग बलियो साझेदारीको समीक्षा गर्न र आर्थिक, ऊर्जा र रक्षा सहयोग तथा विकास सहयोगको माध्यमबाट यसलाई बढाउन थप मार्गहरूबारे छलफल गर्न द्विपक्षीय वार्ता गर्नुभयो।

जुलाई ३ मा उहाँले ट्रिनिडाड एन्ड टोबागोको भ्रमण गर्नुभयो। प्रधानमन्त्रीका रूपमा क्यारिबियन राष्ट्रको उहाँको यो पहिलो आधिकारिक तथा सन् १९९९ पछि प्रधानमन्त्री(स्तरमा पहिलो भ्रमण हो। उहाँले आफ्ना समकक्षी कमला प्रसाद(बिसेसरलाई भेट्नुभयो र देशको संसद्लाई सम्बोधन गर्नुभयो।

भ्रमणका क्रममा उहाँले विदेश मन्त्रालयले जारी गरेको संयुक्त विज्ञप्ति अनुसार ट्रिनिडाड एन्ड टोबागोका भारतीय डायस्पोराको छैटौं पुस्तासम्म ओभरसिज सिटिजनसिप अफ इन्डिया (ओसिआई) कार्ड जारी गर्ने निर्णयको घोषणा गर्नुभयो।

प्रधानमन्त्री मोदीले जुलाई ४ मा ब्युनस आयर्सको भ्रमण गर्नुभयो। त्यहाँ उहाँले अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेईसँग द्विपक्षीय छलफल गरी जारी सहयोगको समीक्षा गर्नुभयो। साथै उहाँले रक्षा, कृषि, खानी, तेल र ग्यास, नवीकरणीय ऊर्जा, व्यापार, लगानी र जनता-जनता सम्बन्ध लगायत प्रमुख क्षेत्रहरूमा भारत-अर्जेन्टिना साझेदारीलाई अझ बढाउने तरिकाहरूबारे छलफल गर्नुभयो।

प्रधानमन्त्री मोदीले जुलाई ६ देखि ७ सम्म ब्राजिलको रियो दि जेनेरियोमा भएको १७औं ब्रिक्स शिखर सम्मेलनमा भाग लिनुभयो।

उहाँले ब्राजिलको राजकीय भ्रमण पनि गर्नुभयो र पछि ब्रासिलियाको भ्रमण गर्नुभयो। त्यहाँ उहाँले राष्ट्रपति लुलासँग व्यापार, रक्षा, ऊर्जा, अन्तरिक्ष, प्रविधि, कृषि लगायत आपसी हितका क्षेत्रहरूमा रणनीतिक साझेदारी विस्तार गर्न द्विपक्षीय छलफल गर्नुभयो।

ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले प्रधानमन्त्री मोदीलाई ब्राजिलको सर्वोच्च नागरिक सम्मान 'द ग्रान्ड कलर अफ द नेसनल अर्डर अफ द साउदर्न क्रस' बाट सम्मानित गर्नुभयो।

आफ्नो भ्रमणको अन्तिम चरणमा प्रधानमन्त्री मोदीले नामिबियाको भ्रमण गर्नुभयो।

### बङ्गलादेशका पूर्व शीर्ष प्रहरी मानवताविरुद्ध अपराधमा दोषी ठहर

ढाका, २६ असार (रासस/एएफपी)।

बङ्गलादेशका पूर्व प्रहरी प्रमुखले गत वर्ष प्रदर्शनकारीहरूमाथि गरिएको दमनका क्रममा मानवता विरुद्धको अपराधमा दोष स्वीकार गर्नुभएको र पूर्व प्रधानमन्त्री शेख हसिनालाई औपचारिक रूपमा अभियोग लगाइएको बिहीबार पुनः सुरु भएको मुद्दामा अभियोजकहरूले बताएका छन्।

संयुक्त राष्ट्रसङ्घका अनुसार हसिनाको सरकारले विद्यार्थी नेतृत्वको विद्रोहलाई दमन गर्ने प्रयास गर्दा सन् २०२४ जुलाई र अगस्टका बीचमा एक हजार चार सय मानिस मारिएका थिए। बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) ले हसिनाको अपदस्थ सरकार र उहाँको अहिले प्रतिबन्धित पार्टी अवामी लिगसँग सम्बन्धित पूर्व वरिष्ठ व्यक्तिहरूमाथि मुद्दा चलाइरहेको छ।

"पूर्व प्रहरी महानिरीक्षक (आइजिपी) चौधरी अब्दुल्लाह मामुनले मानवता विरुद्धको अपराधमा दोष स्वीकार गर्नुभएको छ", आइसिटीका प्रमुख अभियोजक मुहम्मद ताजुल इस्लामले पत्रकारहरूलाई भन्नुभयो।

'जुलाई(अगस्ट विद्रोहको समयमा भएका अपराधहरूबारे आफूसँग भएका सबै जानकारी' दिँदै मामुनले साक्षीका रूपमा काम गरेर अदालतलाई सहयोग गर्न सहमत भएको इस्लामले बताउनुभयो। अदालतले मामुनको सुरक्षा सुनिश्चित गर्न छुट्टै आवासको व्यवस्था गर्न अनुमोदन गरेको छ।

न्यायाधिकरणले बिहीबार हसिना र उहाँका गृहमन्त्री असादुज्जमान खान कमालमाथिका आरोपहरू खारेज गर्न वकिलहरूको अनुरोध पनि अस्वीकार गरेको छ। दुवै हसिना र कमाललाई सोही मुद्दामा औपचारिक रूपमा अभियोग लगाइएको छ। हसिना र कमालका राज्यद्वारा नियुक्त वकिल आमिर हुसेन भने आशावादी हुनुहुन्छ। "मुद्दा प्रारम्भिक चरणमा छ र अन्य धेरै चरण छन्", उहाँले भन्नुभयो।

विरोध प्रदर्शनले आफ्नो १५ वर्षको शासन समाप्त गरेपछि ७७ वर्षीया हसिना हेलिकप्टरबाट भारत भाग्नुभएको थियो। उहाँले ढाका फर्कने प्रत्यर्पण आदेशको अवहेलना गर्नुभएको छ। ढाकामा उहाँको अनुपस्थितिमा जुन १ मा मुद्दा सुरु भएको थियो।

हसिनाले आइसिटीमा कम्तीमा पाँचवटा आरोपको सामना गरिरहनुभएको छ। यसमा 'जुलाई विद्रोहको समयमा सामूहिक हत्याका लागि उक्साउने, प्रेरणा गर्ने, संलग्नता, सहजीकरण, षड्यन्त्र र रोकथाम गर्न असफल हुने' समावेश छन्। अभियोजकहरूले हिंसाका लागि हसिनाले समग्र कमान्डको जिम्मेवारी लिएको बताएका छन्।

उहाँलाई जुलाई २ मा छुट्टै मुद्दामा अदालतको अवहेलनाको दोषमा दोषी ठहराइएको थियो, जसमा छ महिनाको सजाय भएको थियो। फरार पूर्वमन्त्री कमाल पनि भारतमा रहेको विश्वास गरिन्छ।

# मेयर कप सप्तरी प्रिमियर लिगको सातौं संस्करण शुरु







**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

मेयर कप सप्तरी प्रिमियर लिगको सातौं संस्करण बिहीबारबाट राजविराजमा शुरु भएको छ । प्रतियोगिताको पहिलो दिन सम्पन्न दुई खेलमा राजविराज राजदेवी रोयलले कञ्चनपुर राईनोसलाई ३७ रनले तथा बजाज खडक वारिर्यसले रुपनी रायर्डसलाई २६ रनले पराजित गरेको छ ।

पविमावि खेल मैदानमा भएको पहिलो खेलमा राजदेवी रोयलले टस जितेर ब्याटिङ्ग गर्दै निर्धारित १५ ओभरको खेलमा ५ विकेट गुमाएर १ सय २० रनको योगफल तयार पारेको थियो ।

राजदेवीका लागी दिवान पुनले ४१, सद्दाम आलम अविजित २१, रोहन बिक १८ र प्रविन यादवले १५ रनको योगदान दिए । बलिंग तर्फ कंचनपुरका अभिमन्यु सरदार २ तथा राशिद खान, मुकेश सिंह र रौनक सिंहले सामान १/१ विकेट लिए ।

१ सय २१ रनको लक्ष्य लिई मैदानमा ओर्लेको कञ्चनपुर राईनोसले १५ ओभर खेल्दै ६ विकेटको क्षतिमा मात्र ८३ रन बनाउन सके । जसमा रौनक सिंहले २५, प्रविन भुजेल १९ र महानन्द यादवले ११ रनको योगदान दिए । बलिंग तर्फ राजदेवीका दिवान पुनः र अभिषेक तिवारीले सामान २/२ तथा मों सोहेल र शिव दासले सामान १/१ विकेट लिएका थिए ।

खेलको म्यान अफ द म्याच राजदेवी रोयलका दिवान पुन घोषित भए ।

त्यस्तै बिहिवार नै सम्पन्न भएको दोश्रो खेलमा बजाज खडक वारिर्यसले रुपनी रायर्डसलाई २६ रनले पराजित गरेको छ ।

टस जितेर ब्याटिंग गर्दै खडक वारिर्यसले निर्धारित २० ओभरको खेलमा १ सय ३७ रन बनाए । खडकका लागि अनिल कुमार यादवले ४४, पप्पु यादव अविजित १९, सन्तोष कार्की ११ र गोपाल मण्डलले अविजित १० रनको योगदान दिए ।

बलिंग तर्फ रुपनी रायर्डसका नविन मण्डलले ३ र अशोक मेहताले २ विकेट लिए भने विशाल पटेल र ईमरान सेखले सामान १/१ विकेट लिएका थिए ।

१ सय ३८ रन लक्ष्य लिई मैदानमा ओर्लेको रुपनी १८ ओभर ५ बलमा सम्पुर्ण विकेट गुमाएर १ सय ११ रन मात्र बनाउन सके ।

रुपनीका लागि ईमरान शेखले २९ बलमा ४०, महेश माझी २३ र विक्की चौधरीले १४ रनको योगदान दिए । बलिंग तर्फ खडकका अभिषेक कार्कीले २, फिर्दोस अंसारी र पप्पु यादव 'बि' सामान २/२ विकेट लिए । बावु गोठिया, पप्पु यादव 'ए' र गोपाल मण्डलले सामान १/१ विकेट हात पारे । खेलको म्यान अफ द म्याच खडकका पप्पु यादव 'बि' भएका थिए ।

सप्तरी क्रिकेट संघको आयोजना तथा राजविराज नगरपालिकाको सहयोग र नेपाल क्रिकेट संघ तथा मधेश प्रदेश क्रिकेट संघको सहकार्यमा सप्तरी प्राईड लिग संस्करण ७ औ संस्करणको राजविराज नगरपालिका कार्यवाहक नगरप्रमुख ईसरत परविनले ब्याटिंग, तिरहुत गाउपालिका अध्यक्ष बिजय यादबले बलिंग र प्रमुख जिल्ला अधिकारी भोला दाहाले किपिंग गरेर उदघाटन गरेका थिए ।

# सिरहाका विपन्न दलितलाई ग्यास चुलो वितरण

सिरहा, २६ असार (रासस) ।

यहाँको बरियारपट्टि गाउँपालिका-३ दलित बस्तीका विपन्नलाई ग्यास सिलिण्डरसहितको चुलो वितरण गरिएको छ । वडाले रु १० लाखको बजेटबाट चमार, डोम र साफी समुदायका १२६ घरलाई ग्यास चुलो, सिलिण्डर, पाइप र लाइटर प्रदान गरेको हो ।

वडाध्यक्ष विनोदकुमार यादवका अनुसार दैनिक ज्यालादारीमा गुजारा चलाउने दलित समुदायको चुलो धुँवामुक्त बनाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो । "पातपतिङ्गर र पराल बटुलेर खाना पकाउँदा आगलागीको खतरा बढ्ने भएकाले ग्यास चुलो वितरण गरेका हौँ", उहाँले बताउनुभयो ।

चमार टोलकी विन्दादेवी राम (४९) ले ग्यास चुलो पाएपछि जीवनमै ठूलो राहत मिलेको बताउनुभयो । "अब धुँवामा बस्नुपर्दैन", उहाँले खुसी साट्नुभयो । वडाध्यक्ष यादवका अनुसार आगामी आर्थिक वर्षमा पनि रु १० लाख बजेट छुटचाइएको छ । उक्त बजेटबाट मण्डल र मुखिया परिवारलाई चुलो वितरण गरिनेछ । "त्यसपछि वडाभरका सबै दलित बस्तीमा ग्यास चुलो पुग्नेछ", उहाँले भन्नुभयो ।

यसअघि वडा कार्यालयले मुसहर बस्तीका ९९ घरपरिवारलाई पनि चुलो वितरण गरिसकेको छ । आर्थिक वर्ष ०८०/०८१ मा रु नौ लाख खर्चेर रामपुर पिप्रा र तिलैया क्षेत्रका मुसहर बस्तीमा ग्यास चुलो जडान गरिएको थियो ।

# मजदुरको न्यूनतम पारिश्रमिक कायम हुनुपर्नेमा जोड

मोरङ, २६ असार (रासस) ।

कोशी प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले मजदुरको जीवनयापनका लागि पुग्ने न्यूनतनम पारिश्रमिक वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रमार्फत 'न्यूनतम पारिश्रमिक वृद्धि र श्रम कानुन कार्यान्वयन'सम्बन्धमा जिफन्टका केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठले आज बुझाउनुभएको चार बुँदे ज्ञापनपत्र बुझ्दै उहाँले मजदुरको सहज जीवनयापनका लागि पुग्ने पारिश्रमिक निर्धारण गर्न/गराउन प्रदेश सरकारले रोजगारदातासँग छलफल गरी कार्यान्वयन गराउने बताउनुभयो ।

मन्त्री राईले मजदुरहरूले मुलुकमा प्रजातन्त्र, लोकतन्त्रसहित सङ्घीयता स्थापनामा महत्त्वपूर्ण योगदान पुर्‍याएका चर्चा गर्दै श्रमिकको परिवारको पालनपोषणका लागि न्यूनतम पारिश्रमिक उपलब्ध गराउन आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले मुलुकमा औद्योगिक उत्पादन वृद्धि गरी समृद्धि कायम गर्न मजदुरको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

जिफन्टका केन्द्रीय अध्यक्ष श्रेष्ठले मजदुरको न्यूनतम पारिश्रमिक रु ३० हजार ४४३ हुनुपर्ने आफ्नो माग रहेको बताउनुभयो । जिफन्टका प्रदेश अध्यक्ष किशोर धमला, ट्रेड युनियन कांग्रेसका प्रदेश अध्यक्ष नारायणबाबु कार्कीलगायतले मजदुरको न्यूनीयन पारिश्रमिक वृद्धि गरी सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था गराउनुपर्नेमा जोड दिनुभयो ।

यसअघि समन्वय केन्द्रले संसारीमाईस्थानमा निकालेको जुलुसले नगरको मुख्यमुख्य भागको परिक्रमा गरी महेन्द्र चोकमा पुगेर कोणसभामा परिणतमा परिणत भएको थियो ।

# लम्पी स्किनबाट झापामा दश हजार पशु सङ्क्रमित

झापा, २६ असार (रासस) ।

लम्पी स्किन रोगको सङ्क्रमणबाट एक वर्षभित्र १० हजारभन्दा बढी गाईगोरु सङ्क्रमित भएका छन् । केही महिनायता संक्रमित १ सय ४२ गाईगोरु मरिसकेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शितल भट्टराईका अनुसार रोग नियन्त्रणका लागि जिल्लाका १५ वटै पालिकामा खोप सञ्चालन भइरहेको छ । हालसम्म रोग नियन्त्रणका लागि जिल्लामा ५८ हजार गाईगोरुलाई खोप लगाइएको छ ।

जिल्लामा सबैभन्दा बढी यो रोगको सङ्क्रमण मेचीनगर नगरपालिका र बाह्रदशी गाउँपालिकामा देखापरेको उहाँले बताउनुभयो । उहाँले गर्मी बढेसँगै लम्पी स्कीन रोगको सङ्क्रमण फैलिरहेको बताउनुभयो । "यो रोग लामखुट्टे, भुसुना, झिंगा, किर्ना आदिको टोकाइबाट फैलिन्छ", उहाँले भन्नुभयो, "रोग नियन्त्रणका लागि किसानका प्रत्येक गोठसम्म पुगेर निःशुल्क खोप अभियान सञ्चालन गरिरहेका छौँ ।" उहाँले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशीबाट ७७ हजार पाँच सय वटा खोप जिल्लामा आएको बताउनुभयो ।

यो रोग लागेका गाईगोरुमा ज्वरो आउने, शरीरको विभिन्न भाग तथा भित्री तहमा गाँठागुठी देखिने, गाँठागुठीमा पानी बग्ने र पाक्ने गर्दछ । केन्द्रकी प्रमुख भट्टराईले विगतमा खोप लगाएका गाईगोरुमा सो समस्या नदेखिएको बताउनुभयो । उहाँको भनाई छ, "पहिल्यै खोप लगाएका गाईबस्तुमा रोग देखिएको छैन, नयाँ जन्मिएका बाछावाछी र बाहिरबाट खरिद गरेर ल्याइएका नयाँ गाईगोरुमा मात्र यसको जोखिम तीव्र मात्रामा देखिएको छ ।"

उहाँले चालू आर्थिक वर्ष २०८१/८२ मा गाईभैँसीमा देखिने बाँझोपन निवारणका लागि जिल्लाका ७२ वटा फार्ममा पुगेर अवलोकन गरी एकीकृत शिविर सञ्चालन गरेको बताउनुभयो । यसैगरी सोही अवधिमा प्राकृतिक विपद्बाट पशुधनमा भएको क्षतिका १३ निवेदन आएको उहाँले बताउनुभयो । सोही निवेदनका आधारमा कार्यालयले रु छ हजारदेखि ७८ हजारसम्म राहत स्वरुप प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

# गोल्डेन हस्पिटलद्वारा उपचारमा छुटको व्यवस्था

विराटनगर, २६ असार (रासस) ।

गोल्डेन हस्पिटल विराटनगरले नेपाल सरकारको आमजनतालाई 'सर्वसुलभ स्वास्थ्य सेवा' उपलब्ध गराउने नीतिलाई सहयोग पुर्‍याउने गरी स्वास्थ्य उपचारमा छुटको व्यवस्था गर्ने भएको छ ।

निजी क्षेत्रद्वारा सञ्चालित सो अस्पतालले बिहीवार यहाँ पत्रकार सम्मेलनमार्फत सस्तो र गुणस्तरीय सेवा प्रदान गरी सरकारी नीति तथा कार्यक्रमलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

सो अस्पतालका प्रबन्धनिर्देशक डा श्यामकुमार रौनियारले आमजनताको आयशक्ति घटिरहेको मुलुकको विद्यमान असहज परिस्थितिलाई दृष्टिगत गरी यथासक्य छुटको व्यवस्थासहित सेवाग्राहीलाई राहत दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले यसअघि लिइदैआएको सेवाशुल्कमा २५ देखि ५० प्रतिशतसम्म छुट दिन लागिएको स्पष्ट गर्नुभयो ।

मातृ तथा शिशु मृत्युदर घटाउने, विशेषज्ञ चिकित्सकद्वारा सुरक्षित र भरपर्दो शल्यक्रिया सुनिश्चित गर्ने, पाँच वर्ष मुनिका बालबालिकालाई सघन उपचार बाहेकका सेवामा २५ प्रतिशत छुट दिने र ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाएको उक्त अस्पतालले जनाएको छ ।

सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-
- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np